आ. व. २०७४/७५ को बैठक

आज मिति २०७४ साल कार्तिक महिनाको ०८ गते बुधवार को दिन राप्ती गाउँकार्यपालिका का अध्यक्ष श्री उमानन्द सुवेदी ज्यू को अध्यक्षतामा तपसिल बमोजिम को उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिम निर्णय गरियो।

तपसिल

| | |
|---|---|
| श्री उमानन्द सुवेदी | अध्यक्ष |
| श्री जगदम्बाकुमारी चौधरी | उपाध्यक्ष |
| श्री देव बहादुर कुमाल | सदस्य |
| श्री वेद प्रसाद चौधरी | सदस्य |
| श्री विष्णु बहादुर घर्तीक्षेत्री | सदस्य |
| श्री कुमारी देवी कार्की | सदस्य |
| श्री भगत बहादुर थापा | सदस्य |
| श्री विष्णु गुरुङ | सदस्य |
| श्री तारा बहादुर डि.सी. | सदस्य |
| श्री जोक्ता बहादुर राना मगर | सदस्य |
| श्री जीवधोज रावत | सदस्य |
| श्री विद्यामणि चौधरी | सदस्य |
| श्री सुनिता मल्ल | सदस्य |
| श्री ताराकुमारी चौधरी | सदस्य |
| श्री चन्दर चौधरी | सदस्य |
| श्री रिम बहादुर सुनारी मगर | सदस्य |
| श्री संजिव परियार | सदस्य |
| श्री नारायण रावत | सदस्य-सचिव |

आमन्त्रित

सहलेखापाल : रेशमराज अधिकारी

विषय : बैठकका कार्यसूचीहरु ।

कार्यसूची नं. १ : योजना संचालन प्रकृया तथा कार्ययोजना पारित गर्ने ।

कार्यसूची नं. २ : मतदाता नामावली संकलन कार्यमा भएको खर्च उपलब्ध गराउने ।

कार्यसूची नं. ३ : निर्णय अनुमोदन ।

Scanned with CamScanner

**निर्णय नं. १**

राप्ती गाऊँ कार्यपालिकाको आ.व.२०७४ ७५ मा सचालन हुने योजना तथा कार्यक्रमहरुको परिचालन तथा व्यवस्थापनका लागि संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुने गरी हालको लागि देहाय बमोजिमको कार्ययोजना तथा कार्यविधि पारित गर्ने निर्णय गरियो ।

## उपभोक्ता समिति गठन सम्वन्धी प्रक्रिया तथा कार्ययोजना २०७४

राप्ती गाउंपालिकाको आ.व.२०७४ ७५ का योजना कार्यक्रम संचालन कार्ययोजना देहाय बमोजिम हुने छ ।

| सि.नं. | क्रियाकलाप हरु | अन्तिम अवधि | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन तथा सिफारिश | २०७४ कार्तिक मसान्त भित्र | |
| २ | योजनाको सर्वे डिजाइन ल.ई.तथा उ.स.का पदाधिकारीहरुलाई अभिमुखिकरण | २०७४ मंसीर मसान्त भित्र | |
| ३ | योजना संझौता गर्ने | २०७४ माघ मसान्त भित्र | |
| ४ | योजना सम्पन्न तथा जांचपास | २०७५ बैसाख मसान्त भित्र | |
| ५ | कार्यक्रम तथा योजनाको फरफारक | २०७५ जेठ मसान्त भित्र | |

उपभोक्ता समिति गठन प्रकृया तथा कार्यविधि देहाय अनुसार हुने :

१).उपभोक्ता समितिबाट आयोजना कार्यान्वयन र संचालन गर्दा आयोजनावाट प्रत्यक्ष लाभान्वित हुने घर परिवारको पहिचान गरी त्यस्ता घर परिवारको आम भेलावाट सम्बन्धित आयोजना स्थलमा नै सात देखी एघार सदस्यीय उपभोक्ता समिति गठन गर्नुपर्ने छ । त्यसै गरी वडाका निर्वाचित जनप्रतिनिधि संयोजक रहने गरी कम्तिमा १ जना महिला सहित ३ सदस्यीय अनुगमन समिति गठन गर्नुपर्ने छ भने भुक्तानी प्रकृयामा उक्त अनुगमन समितिको सिफारिश र वडा कार्यालयको सिफारिश अनिवार्य गरिनेछ ।

२).स्थानीय तहमा बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधिको रुपमा स्थानीय कुनैपनि पदमा आसिन व्यक्ति, बहालवाला सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी, सरकारी पेश्की वा बेरुजु फछ्र्यौट नगरेका व्यक्तिहरु, नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाई उक्त सजाय भुक्तान गरेको व्यक्ति, सार्वजनिक सम्पति हिनामिना गरेका व्यक्ति उपभोक्ता समितिको सदस्य हुन पाउने छैन ।

३).उपभोक्ता समितिका सदस्यहरुमा कम्तिमा तेत्तीस प्रतिशत महिला हुनुपर्नेछ । समितिको उपाध्यक्ष , सचिव र कोपाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी हुनुपर्नेछ । उपभोक्ता समिति गठन गर्दा समावेशी हुनुका साथै उपभोक्ता समितिमा आवद्ध व्यक्तिहरु सामन्यतया साक्षर हुनुपर्ने छ र

Scanned with CamScanner

अध्यक्ष, सचिव,कोषाध्यक्ष मध्ये सामान्यतया एक जना माध्यमिक शिक्षा वा सो सरह को शैक्षिक योग्यता हासिल गरेको हुनुपर्नेछ ।

४).एउटै समयमा एक व्यक्ति एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन पाउने छैन साथै एकासंगोलका परिवारवाट एकजना भन्दा बढी व्यक्ति समितिको सदस्य हुन पाइने छैन ।

५).उपभोक्ता समिति गठन गर्दा वडाको वडा सचिव, सामाजिक परिचालक वा वडा सदस्यको रोहवरमा गर्नुपर्नेछ । यसरी खटिने कर्मचारी र वडा सदस्यले उपभोक्ता समिति गठन गरेपछि सो सम्बन्धी प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्ने छ ।

६.उपभोक्ता समितिको गठन सर्वसम्मत तरिकाले गर्नुपर्नेछ । सर्वसम्मत हुन नसकेको अवस्थामा खटिएका कर्मचारी ,सामाजिक परिचालक वा वडा सदस्यले तत्काल उपस्थित उपभोक्ताहरु मध्येवाट बहुमतीय पद्धति अनुसार उपभोक्ता समिति गठन गरी सोको जानकारी गाउपालिकालाई गराउनु पर्नेछ ।

७.गाउपालिकाले तोकेको समयभित्र उपभोक्ता समिति गठन भई आउन नसकेमा गाउपालिकाले सहजीकरण गर्नेछ । उपभोक्ता समिति गठन हुन नसकी योजना संचालनमा वाधा उत्पन्न भएमा अन्य बैकल्पिक माध्यमवाट आयोजना सञ्चालन गर्न सकिने छ ।

८)गाउंपालिका स्तरीय अनुगमन समिति देहाय अनुसार गठन गर्ने :

संयोजक : उपाध्यक्ष श्री जगदम्वाकुमारी चौधरी

कार्यपालिका सदस्य मध्येवाट संयोजकले तोकेको सदस्य ३ जना

सदस्य सचिव : प्रमुख, पूर्वाधार विकास शाखा

यस समितिले गाउंपालिका स्तरका योजना तथा कार्यक्रमहरुको अनुगमन ,सुपरीवेक्षण गरी गाउंपालिकामा प्रतिवेदन पेश गर्नुपर्ने छ ।

९)प्रचलित ऐन,नियम, प्रकृया र मापदण्ड विपरित उपभोक्ता समिति वा अनुगमन समिति गठन गर्न वा सिफारिश गर्न पाइने छैन ।

**निर्णय नं. २**

जिल्ला निर्वाचन कार्यालय दाङले मतदाता नामावली संकलनका लागि २०७४ श्रावण १६ गते देखि भदौ ३ गते सम्म यस गाउंपालिकामा मतदाता संकलन टोली खटाएको र छुट तथा थप मतदाताहरुको अत्यधिक चाप पर्न जाँदा उक्त टोली तथा यस कार्यालय वा अन्तर्गतबाट अतिरिक्त समय खटाईएका पदाधिकारी तथा कर्मचारीहरुको खाना खाजा नास्ता तथा जेनेरेटर भाडा,इन्धन लगायतमा भएको खच रु ८०,०००।- भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं.३**

यस गाउँपालिकाका कार्यकारी अधिकृत तिलकबहादुर खडका काज सरुवा भई जानुभएको र निजको स्थानमा प्रशासकीय कामकाजको लागि निमित्त कार्यकारी अधिकृतको रुपमा श्री राजेन्द्र कुमार घिमिरे तोकिनुभएकोमा निमित्त कार्यकारी अधिकृत पनि लामो विदामा जानुभएकोले कार्यालयको नियमित कामकाजमा समस्या परेकोले यसै कार्यालयका सि.अ.हे.व. अधिकृत श्री नारायण राउतलाई निमित्त कार्यकारी अधिकृतको जिम्मा दिने गरी भएको अध्यक्षस्तरको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner